*Unity Journal*
Vol. III, 389-401, 2022
Doi:https://doi.org/10.3126/unityj.v3i01.43340
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

# नेपालको राष्ट्रियता, राष्ट्रिय एकता र यसका चुनौतिहरु

**ध्रुवराज प्रसाई**

**लेख सार**

जन्म दिने आमा र जन्म भूमि स्वर्गभन्दा प्यारो हुन्छ भन्ने भनाइ भित्र समाहित भएर आफ्नो देशको माटो, पूर्खाको वलिदानले आर्जन गरेको गौरवमय इतिहास, अनादिकालदेखि निरन्तर चल्दै र परिमार्जन हुदै आएको जीवन पद्धति, जाति, भाषा, धर्म, कला, सस्कृति तथा प्रकृतिको अपार देन प्रतिको आत्मियता, अनुराग, सम्मान तथा तिनलाई बचाई राख्ने जीउँदो इच्छा शक्ति नै राष्ट्रियता हो । देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितमा समर्पित शक्तिले मात्र राष्ट्रियता र राष्ट्रिय एकतालाई अक्षुण राख्न सक्दछ। टुक्रे राज्यहरुको एकीकरण मार्फत आधुनिक नेपाल निर्माणको जग तयार गरेर राष्ट्रिय एकताको भावना जागृत गर्न श्री ५ पृथ्वीनारायण शाहको भूमिका अविस्मरणीय र अतुलनीय रहेको देखिन्छ । भूगोल, जाति, भाषा, धर्म, सभ्यता, संस्कृति आदिको विविधता बीच दरिलो एकता कायम गर्दै राष्ट्रियताको प्रवर्द्धन मार्फत मात्र दिगो विकास र संमृद्धि हासिल गर्न सकिन्छ ।

**शब्दकुञ्जी** : राष्ट्रियता, अक्षुण, भूमण्डलीकरण, सार्वभौमसता, अविस्मरणीय, जागृत, अनुराग, सत्यबोध, तिलाञ्जली, समावेशी, एकीकरण

**विषय प्रवेश**

प्रकृतिको अनुपम छटाले आफ्नो वक्षस्थल सजाएर सुन्दरताको ज्योतिलाई विश्व सामू फिजाउँदै अनादि कालदेखि आफ्नो स्वतन्त्र पहिचानबाट परिचित दक्षिण एसियली मुलुक हो – नेपाल । नेपालको प्राचीनता र उत्पतिका सम्बन्धमा विभिन्न भनाइ र किंवदन्तीहरु पाइन्छन् । ज्ञानभूमि, देवभूमि, तपोभूमि भएकाले सभ्यताको आरम्भदेखि नै नेपालको प्रसिद्धि र ख्याति चारैतिर भएको पाइन्छ । सत्ययुगमा नेपाल उपत्यका जलमग्न दह थियो । त्रेतायुगमा मञ्जुश्रीले चोभारको डाँडो काटेर यहाँको पानी निष्कासन गरी स्वयम्भूदेखि गुह्येश्वरीसम्म बस्ती बसाले र धर्माकरलाई राजा बनाए । द्वापर युगमा भगवान श्रीकृष्णले यहाँ आएर दानवसुरलाई मारे । त्यस पछि उनका साथमा आएका गोपालहरुले आबाद गर्दै सर्वप्रथम यहाँ राज्य व्यवस्थाको आरम्भ गरे (कायस्थ, २०७७ पृष्ठ २६) । गोपालहरु पछि क्रमश : महिषपाल, किराँत, लिच्छवी, मल्ल हुँदै शाह वंशीय राजाहरुले नेपालमा शासन गरेका हुन् । मल्लहरुको शासन पछि राजा श्री ५ पृथ्वीनारायण शाहले बृहत् नेपाल निर्माण कार्यको थालनी गरे । पूर्वका चौदण्डी र विजयपुर, पश्चिमका बाइसे चौबिसे तथा उपत्यकामा विभाजित मल्लहरुको शासन रहेको तत्कालिन अवस्थामा नेपालको अस्तित्व रक्षाका लागि एकीकृत हुनु अपरिहार्य नै देखिन्थ्यो । दक्षिण तर्फ भारतमा अंग्रेजहरुको शक्तिशाली उपस्थिति तथा उनीहरुको साम्राज्यवादी नीतिले समेत नेपालको स्वतन्त्रता, स्वाधीनता रक्षाको लागि चुनौति खडा गरेको थियो । यस्तो विषम परिस्थितिमा श्री ५ पृथ्वीनारायण शाहले टुक्रे राज्यहरु एकीकृत गरी राष्ट्रियता र राष्ट्रिय एकताको दरिलो आधार निर्माण गरेको देखिन्छ ।

त्यही राष्ट्रियताको तुफानी वेगले गोली गठ्ठा बोकेका अंग्रेजहरुलाई रोक्दै आफ्नो भूमिको रक्षा गर्न सक्यो जसले कहिल्यै पराधीन हुन नपरेको गर्विलो इतिहास निर्माण गरेर भविष्यका सन्ततिको लागि एउटा स्वतन्त्र, स्वाधीन, सार्वाभौम सम्पन्न मुलुक निर्माण गऱ्यो ।

**राष्ट्रियताको अवधारणा र नेपालको राष्ट्रियता**

आफ्नो देशको राष्ट्रिय झण्डा, राष्ट्रिय चिन्हहरु, राष्ट्रिय विभूतिहरु, देशका लागि ज्यान आहुति दिने शहिदहरु प्रतिको श्रद्धा सम्मान तथा प्राकृतिक सम्पदाको दिगो उपयोग, विकास तथा संरक्षण संवर्द्धन गर्ने एक निस्वार्थ अनि एकतावद्ध प्रयास नै राष्ट्रियता हो; यो राष्ट्रप्रतिको अनन्त प्रेम हो । पूर्खाको वलिदानले आर्जन गरेको गौरवमय इतिहास, आफ्नो भूगोल, प्राचीनकालदेखि निरन्तर चल्दै र परिमार्जन हुदै आएको जीवन पद्धति, जाति, भाषा, धर्म, कला, संस्कृति तथा प्रकृतिको अपार देनप्रतिको आत्मियता, अनुराग, सम्मान तथा तिनलाई बचाइ राख्ने जीउँदो इच्छा शक्ति नै राष्ट्रियता हो । आकारमा सानो होस् वा ठूलो, सम्मृद्ध होस् वा गरिब तर राष्ट्र बचाउने र प्रगति पथमा लैजाने देशभक्तिपूर्ण भावनाले नै राष्ट्रियताको अंकुरण गराउँदछ । राष्ट्रियता स्थिर कुरो होइन यो गतिशील हुन्छ । नदीको निरन्तरताले जलमा शुद्धता ल्याए झैं समयको अनन्त यात्रासँगै राष्ट्रियताले आफूलाई परिमार्जन र परिस्कृत बनाउँदै जान्छ । राष्ट्रियता आफ्नो देशको संमृद्धि, स्वतन्त्रता र सम्मानप्रति समर्पित हुनु पर्दछ न कि कसैको विरोधमा केन्द्रित । देशमा बसोबास गर्ने व्यक्ति तथा समूहको राष्ट्रप्रतिको सम्मान, आस्था, विश्वास, सोच, आकांक्षा र एकत्व भाव राष्ट्रियता हो । राष्ट्रियता माटोसँगको नाता हो । सांस्कृतिक भावना, मनोवैज्ञानिक दृष्टिकोण, राष्ट्रलाई माया गर्ने, राष्ट्रप्रति समर्पित हुने आस्था र विस्वास राष्ट्रियता हो । राष्ट्रियतालाई देख्न सकिदैन तर अनुभव गर्न सकिन्छ (कोइराला, पृ २२०) । राष्ट्रियताको आरम्भ कहाँबाट भयो भन्ने एकीनका साथ भन्न नसकिए पनि मानव विकासको क्रमबाट नै यसको विजारोपण भएको मान्न सकिन्छ । राष्ट्रियता युद्धको परिणाम हो र यसको विकास औधोगिक क्रान्तिबाट युरोपमा भएको हो । सत्रौं शताब्दीमा युरोपमा चलेको तीस वर्षे युद्ध पछि भएको जर्मन वेस्ट फेलिया सन्धी, १६४८ लाई नै राष्ट्रियताको विकासको आधुनिक आधार मान्न सकिन्छ (शिवाकोटी, २०७६ मंसिर १८) । तीस वर्षे युद्धका कारण मुलुकमा रहेका जनतामा आत्मियता, एकत्व र आफ्नो मुलुकको स्वाधीनताका लागि मरिमेट्न तयार हुने भावनाको विकास हुन पुग्यो र सम्पूर्ण जनतामा भावनात्मक एकताको आधार बन्न पुगेको थियो (अधिकारी, २०७७ आश्विन १९) । दोस्रो विश्वयुद्धको भयानक त्रासदी तथा धनजनको ठूलो क्षति पछि विश्वलाई युद्धबाट बचाउने तथा शान्ति स्थापना गर्ने उद्देश्यले स्थापित संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणा पत्र, १९४८ को दफा १५ मा हरेक व्यक्तिलाई राष्ट्रियता सम्बन्धी हक हुनेछ, कसैलाई पनि राष्ट्रियताबाट बञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ । दुई प्रकारका राष्ट्रहरुमा राष्ट्रियता फरक फरक हुन्छ भन्दै वृद्धि प्रसाद भण्डारीले राष्ट्रवादलाई नै राष्ट्रियता ठानेका छन् । उनले उदार राष्ट्रवाद, परम्परागत राष्ट्रवाद, प्रजातान्त्रिक राष्ट्रवाद, एकाधिकारवादी राष्ट्रवाद र मार्क्सवादी राष्ट्रवादको रुपमा व्याख्या गरेका छन् (भण्डारी, पृ १०३) ।

राष्ट्र र राज्य बीचको अन्योन्याश्रित सम्बन्धबाट राष्ट्रियताको विकास हुन जान्छ । राज्य निश्चित जमिन, जनता, सरकार र मान्यताले निर्माण भएको हुन्छ । नेपालको संविधानले नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेसी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो (धारा४) भनी परिभाषित गरेको छ । राज्य भौतिक रुपमा एउटा निश्चित सीमामा कानूनद्वारा सञ्चालित हुन्छ । तर राष्ट्र अभौतिक तथा अनुभूतिजन्य विषय हो । यो कुनै सीमा भित्र सीमित भएर बस्न सक्दैन, यसलाई न त कुनै भौगोलिक स्वरुप वा कानूनले नियन्त्रण गर्न सक्छ । राष्ट्र मातृभूमिप्रतिको अगाढ स्नेह र सम्मान गर्ने एउटा भावनात्मक एकीकरण हो वा भनौ देशभक्तिको ज्वालाले उज्यालिएको एउटा

सुन्दर सृष्टि हो । आफ्नो जाति, भाषा, धर्म, सभ्यता, संस्कृति, इतिहास, कला, साहित्य, राष्ट्रिय विभूति तथा धरोहरहरुको सम्मान र संरक्षण गर्ने तथा विविधतालाई एकताको सुत्रमा आवद्ध गर्ने दरिलो डोरी नै राष्ट्र हो । राष्ट्रिय झण्डा फत्फराउदै देश निर्माणका लागि ज्यान उत्सर्ग गर्ने वीर विरङ्गनाप्रति सम्मानका साथ राष्ट्रिय हितप्रति समर्पित हुँदै भविष्यप्रतिको दरिलो आशा जन्माउने तत्व राष्ट्र भित्र अन्तर निहीत रहेको हुन्छ । नेपालको संविधानले वहुजातीय, वहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेको समान आकांक्षा र नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा संमृद्धिप्रति आस्थवान रही एकताको सुत्रमा आवद्ध सवै नेपाली जनता समष्टिमा राष्ट्र हो (धारा ३) भनेर परिभाषित गरेको छ ।

विविधता बीचको मजबुद एकता नै नेपाली राष्ट्रियताको जग हो। विभिन्न जाति जनजातिले शासन गर्दै आएको मुलुक नेपालको राष्ट्रियता विकासमा विभिन्न भाषा, धर्म, सभ्यता र संस्कृतिको महत्वपूर्ण योगदान रहेको छ। जुनसुकै व्यक्ति वा समुदाय जहाँ सुकैबाट आएको होस्, त्यो नेपाली भूमिमा टेक्नासाथ उनीहरुका मनमा नेपालप्रतिको अपनत्वको भावना जागृत हुनु नेपालीपनको विकास हो र त्यही नेपालीपनको विकास नै नेपाली राष्ट्रियताको विकास हो (गुरुङ, २०७४ पुष २७) । गोपालदेखि मल्ल हुँदै शाह कालसम्म आई पुग्दा यहाँ सांस्कृतिक एकता र सहिष्णुताको विकास भएको देखिन्छ। कला, धर्म साहित्य, संगीत आदिको उच्च विकास गर्दै लिच्छवी काल स्वर्ण युगको रुपमा परिचित छ। मल्ल कालसम्म आइ पुग्दा नेपाल टुक्रे राज्य विभाजित भइ सकेको थियो । पूर्वमा विजयपुर, चौदण्डी, पश्चिममा बाइसे चौविसे तथा उपत्यकमा विभाजित मल्ल राज्यको कारण उक्त समयमा राष्ट्रियताको भावना कमजोर हुँदै गयो । आक्रमक राष्ट्रवादको रुपमा विकास भएको खस, सेन, उपत्यका, लिच्छवी र मल्लहरु विभाजित हुँदै जाँदा राष्ट्रियता पनि कमजोर बन्यो र त्यो आक्रमक राष्ट्रवाद दब्बु राष्ट्रवादमा परिणत भयो । शिथिल बन्दै गएको राष्ट्रियतालाई पुनरुत्थान गर्दै आधुनिक राष्ट्रियताको थालनी नेपालको एकीकरण सँगै श्री ५ पृथ्वीनारायण शाहले गरे भन्दा अत्युक्ति नहोला । नेपाल एकीकरणसँगै जागेको राष्ट्रभक्ति तथा अंग्रेजको साम्राज्यवादी नीतिको विरुद्ध उठेको स्वाधीनताको लडाइले नै नेपाली राष्ट्रियताको विकास गरेको देखिन्छ । विभिन्न टुक्रे राज्यहरु एकीकरण गर्दै सवैलाई आ-आफ्नो जातीय, धार्मिक, सांस्कृतिक पहिचानको संरक्षण सम्वर्द्धन गर्न दिएको स्वतन्त्रताले नै एकीकृत राष्ट्रियताको विकास भएको हो । सयौं थरी बाजा एउटै धुनको लयमा विभिन्न समुदायहरु नेपालको स्वतन्त्रता र स्वाधीनताको लडाइमा राष्ट्रभक्तिले समर्पित भएको देखिन्छ। धेरै जाति, धर्म, संस्कृति बीचको एकताको द्योतकको रुपमा नेपाली राष्ट्रियताको विकास हुँदै आएको छ। आधुनिक नेपालको निर्माण पछि नेपाल तिब्बत तथा अंग्रेजसँग भएका युद्धहरु राष्ट्रियताको विकासको लागि दरिलो स्तम्भको रुपमा निर्माण भए । विदेशी शक्तिको आक्रमणबाट देशलाई बचाएर आफ्नो सीमाना बढाउने धरातल खडा गर्दै श्री ५ पृथ्वीनारायण शाह, बहादुर शाह, राजेन्द्रलक्ष्मी, भक्ति थापा, अमर सिंह थापा, बलभद्र कुँवर जस्ता वीर विरगंनाहरुको योगदानबाट नै नेपाली जन जनमा राष्ट्रभक्तिको ज्वाला प्रज्वलित भएको हो । वलीदानीपूर्ण संघर्षबाट निर्माण भएको राष्ट्रियता आज पनि जब राष्ट्रमा संकट आइ पर्छ तब राष्ट्र बचाउने लक्ष्यमा सागरको छाल झैं छछल्किएको देखिन्छ। स्वधीनताको लडाइमा होस् वा समृद्धिको यात्रामा राष्ट्रियताको भावनात्मक ज्वारभाटाले शत्रुहरुको तेजोबध गर्न सक्नु पर्दछ। मुलुक निर्माणमा राष्ट्रियता व्रम्हास्त्रको रुपमा खडा हुनु पर्दछ। बैरीहरुको निशानीलाई राष्ट्रियताको तिरले निस्तेज गर्नु पर्दछ। राष्ट्रियताको भावनात्मक शक्तिलाई मुलुकको संमृद्धिमा खर्चिन सक्नु पर्दछ। नेपाली राष्ट्रियतालाई चिनाउँदै बालकृष्ण पोखेल लेख्छन् "यसमा हाम्रा पूर्वजहरुको सुस्केरा छ, हाम्रा किसान र ज्यामीहरुले बगाएको पसिना छ, हाम्रा वीर सिपाहीहरुको पराक्रम छ, आटिला पर्वतारोहीहरुको अद्भूत सहास छ, डाँडा काँडा भित्र लुकेर बसेका खानीहरुको गहक छ, पाखा पखेरामा फुल्ने अनुपम फूलहरुको महक छ, डाँफे र मुजुरहरुको

केलिक्रिडा छ, गैडा र हात्तीहरुको लचक छ, असारे र लैबरीको घन्काई छ, धान नाच र घाटुको आङ मर्काइ छ, पशुपति र स्वयम्भूको जात्रा छ, दशैं र घोडेजात्राको उमंग छ, भिक्षु र सन्यासीको आध्यात्मिकता छ, अमर शहिदहरुको वलिदान छ, राजा र प्रजाको सहयोग छ, उकाली ओरलीको थरक छ, भञ्ज्याङ्गहरुको शितलु छाँया छ, डोको र खर्पनहरुको करामत छ, चौतारी ज्यानका डम्पू मादलु छन्, खोलानालाका उर्लाइ छन्, ढुकुरका कुर्लाइ छन् र छन् नेपाल र नेपालीलाई चिनाउने अनुहार, पोशाक, आनीबानी चाल चलन इत्यादि" (पोखेल, पृ १५७,१५८) ।

आधुनिक नेपाल निर्माणसँगै सांस्कृतिक, धार्मिक र सामाजिक व्यवस्थामा एकीकरणको प्रयास भएको तर राजनैतिक र भौगोलिक एकीकरण भए पनि सांस्कृतिक, धार्मिक परम्पराहरु, चाडपर्व, भाषा बोली आदिमा विविधता रहँदा एक राष्ट्रमा बहुराष्ट्रियताको स्थिति हुन पुग्यो भने चीन र अंग्रेजसँगको युद्धले अखण्ड नेपाली राष्ट्रवादको आधार तयार भएको देखिन्छ तर पछि राणा शासन र पञ्चायती शासनले अन्य भाषा संस्कृति, धर्म, परम्परा माथि एकत्व लाद्न खोज्दा नेपालमा शासक राष्ट्रियता र सामान्य जनताको राष्ट्रियतामा अन्तर हुन पुगी राज्य निर्माण भए पनि राष्ट्र निर्माण हुन सकेन (शिवाकोटी, २०७६ मंसिर १८) । कोमल र संवेदनशील आधारभूमिमा नेपाली राष्ट्रियता झाँगिएको छ । फरक फरक भौगोलिक स्वरुप र रहन सहन तथा जीवन पद्धतिमा रहेको हिमाल, पहाड र तराइमा जाति र क्षेत्र विशेष फरक पहिचानका बीच नेपालीत्वको विकास भएको छ। दक्षिणी सीमा रक्षाका खातिर छातीमा तातो गोली थाप्न समेत तयार रहेका तराइबासीहरुको धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण तथा बहुपहिचान मार्फत रंगभेदी सोचाइको अन्त्य गर्दै हिमाल, पहाड र तराई बीचको हातेमालोले मात्र संमृद्ध राष्ट्रियताको विकास गर्न सक्छ । हिजो तराईमा मात्र मनाइने छट पर्व आज हिमाल, पहाड, उपत्यका सवै भेगमा श्रद्धा र भक्तिका साथ मनाइन थालिनुले बहुराष्ट्र बीचको उन्नत राष्ट्रियताले व्यवहारिकपन पाएको अनुभूति हुन जान्छ । जुनसुकै भौगोलिक क्षेत्रमा मनाइने चाडपर्व, धर्म, संस्कृति, खानपिन, व्यवहार तथा लवजको समग्रता नै नेपालीपन हो ; अशली नेपाली राष्ट्रियता हो । समाचकेवा र धान नाच होस् वा ल्होसार र छट बीचको भाइचाराले नै हामीलाई गर्वानुभूति गराउँछ । सिरुवा र जितिया, इद होस् वा घाटु, सोरठी र मारुनी, बाँसुरी होस् वा सनाइ र ट्याम्पो, गौरा होस् वा योमरी पुन्हिले नेपालीपनलाई जीउँदो बनाइरहेको छ । पशुपति, लुम्बिनी र स्वयम्भूबाट सृजना भएको 'सत्यम्, शिवम्, सुन्दरम', शान्ति, करुणा र ज्ञानको सन्देशले हामी विश्वलाई एकत्रित गर्न सक्छौ; मानव र प्रकृति बीचको प्रेम अंकुराउन सक्छौ । सृष्टिलाई सुन्दर बनाउन सक्छौ, खडेरी र आगलागीमा जल बन्न सक्छौ, शिखर वा सागर दुवै बनेर विश्वलाई देखाउन सक्छौ । लिपुलेकदेखि सुस्ता होस् वा कञ्चनपुरदेखि काकरभिट्टा, केचनादेखि कञ्चनजंघा होस् वा चिया भञ्ज्यानदेखि झुलाघाट सबै हाम्रो साझा भूमि हो । जनजाति होस् वा मधेषी, आर्य होस् वा मंगोल सवै मातृभूमिका रक्षक हौं; नेपाली हौं । सगरमाथालाई साक्षी राखेर रारा, फेवा र रुरुले हामीलाई सम्झिरहेका छन् । काला हौ वा सेता, अग्ला हौ वा होचा सवै मेरा मित्र हौ भनेर डाँफे मुनाल नाची रहेछन्; कोशी, गण्डकी र कर्णालीले शितलता छरिर हेछन् । तराईको तातोले हिमाललाई न्यानो दिन सक्नु पर्दछ । हिमाल र पहाडको ठण्डाले तराइमा शितलता छर्कन सक्नु पर्दछ, त्यो नै नेपाली राष्ट्रियताको देह र आत्मा बन्न सक्छ। १२५ भन्दा बढी जाति तथा १३० भन्दा बढी भाषाको विविधतामा हुर्किएको मुलुकले सबैको पहिचान र सम्मानलाई संरक्षण गर्न सक्दा मात्र राष्ट्रियतालाई अनुप्राणित गर्न सक्छ । सर्वजनहितायको मूल मर्मले नै हामीलाई गन्तव्यमा पुऱ्याउँछ। सवै मिलेर राष्ट्र उठाउ भन्ने भावना जागृत हुनु पर्दछ । देश भक्ति त मर्दैन चुथ्यौ देश भए पनि भन्ने बालकृष्ण समको भनाइले सवै बिउँझनु पर्दछ ।

राष्ट्रियता भनेको के हो भन्ने स्पष्ट पार्न सकिएमा मात्र राष्ट्रियता बलियो हुन्थ्यो जस्तो लाग्छ । राष्ट्रियता भनेको यहाँ बस्ने जनता, भूगोल, संस्कृति या के

हो? नेपालको भूगोल मात्र हाम्रो राष्ट्रियता हो कि ? यहाँका जनता राष्ट्रियता हुन कि ? अथवा यहाँको सामाजिक सास्कृतिक परिवेश राष्ट्रियता हो ? यो अन्योल छ। नेपाली राष्ट्रियताको बुझाइमा विविधता छ। दक्षिणपन्थीहरुको राष्ट्रियताको परिभाषामा दौरा, सुरुवाल, टोपी या पेगोडा शैलीको बास्तुकला पऱ्यो। र विगतमा एउटा निश्चित स्वरुपलाई लादियो। त्यस्तै वामपन्थी खेमाका राजनीतिज्ञ वा विद्वान्हरुको सोचाइमा बढ्ता भारत विरोधी कुरा गऱ्यो भने त्यो राष्ट्रवादी भयो । सुगौली सन्धीले नेपाललाई एउटा भूगोल दियो तर राष्ट्र बनेन भन्दा बि. पी विवादमा पर्नु भयो। उहाँ माथि औला उठाइयो। वि.पीको भनाइमा राष्ट्रियता भनेको जनताको भावनासँग, अधिकारसँग सम्बन्धित कुरा हो। जनअधिकार नहुँदा राष्ट्र बन्न सक्दैन भन्ने उहाँको धारणा थियो (पराजुली,पृ ५३,५४)। राज्यका सवै मानिसको पहिचान, सम्मान र सशक्तिकरण भएको अवस्थामा निस्कने एकीकृत देशप्रेम नै राष्ट्रियताको उन्नत रुप हो। देश भक्तिको मूल मियोमा बाँधिएर स्वतन्त्रतापूर्वक विचरण गर्न पाउने अवस्थाले नै राष्ट्रियतालाई सवल र समृद्ध बनाउँछ। राष्ट्रियता कुनै निश्चित वर्ग वा समुदायको निहीत स्वार्थमा प्रयोग हुनु हुदैन, यो त आफ्नो इतिहासप्रति गर्व गर्दै भविष्यप्रति उज्यालो आशा जगाउने किरण बन्न सक्नु पर्दछ। सामाजिक, सांकृतिक विचलन रोक्दै आफ्नो धर्म, संस्कृति, प्रथा परम्पराको रुपान्तरण र संरक्षण गर्ने अस्त्र बन्नु पर्दछ। राष्ट्रियताका सम्बन्धमा डा देवेन्द्र राज पाण्डे लेख्छन् ‘हाम्रो एउटा समस्या भनेको राष्ट्रियता बारेको हो। राष्ट्रियता र राष्ट्र-राज्य निर्माण हुनका लागि त्यो राष्ट्र-राज्य भित्र समाहित हुने जुन समुदाय हुन्छ, तिनीहरुको केही न केही मात्रामा साझा अनुभव हुन्छ। साझा इतिहास हुन्छ जसले गर्दा उनीहरु आवद्ध हुन्छन् । अझ उनी थप्छन् कतिपय कुराहरु अब हामीले संकुचित धारणा नराखी, बदलाको भावना नराखी अलिकति फराकिलो भएर सोच्न जरुरी छ। हिजो हामीलाई अन्याय गर्नेहरुलाई हामीले पनि अन्याय गर्नु पर्छ भन्ने हिसावले होइन कि हिजो हामीलाई अन्याय गरियो तर अब सहँदैनौ। बरु अव हामी यिनलाई पनि न्याय गर्छौं भनेर अगाडि जानु पर्छ कि जस्तो लाग्छ’ ( पराजुली,पृ ६४,६५ )। मलाई राष्ट्रियता तीन कुरामा अडिन्छ जस्तो लाग्छ। एउटा भूमि (टेरिटोरी) हो। अर्को जाति : सो भूमिका बासिन्दा। र तेस्रो भाषा : उक्त भूखण्डका बासिन्दाको भाषा (पराजुली, पृ ९४)।

दौरा, सुरुवाल, कोट लगाएर चोकमा उभिएको मान्छेलाई हामी परैबाट हेरेर ओहो कति राष्ट्रवादी भनिदिन्छौ। हुन सक्छ त्यो मानिस भर्खर डी.भी. फारम भरेर आएको होस् या भर्न जाँदै होस् , हामी त्यस तर्फ हेर्दैनौ। दौरा सुरुवाल छ। टोपी पनि छ तर डी भी परेन भनेर चोकमा चिन्ता गरेर गफ गरिरहेको छ भने त्यो आवरणको राष्ट्रियता हो। हामीले बहस गर्न खोजेको नेपालीय हुने कुरा त्यो आवरणको विषय होइन। त्यहाँ भित्रको आचरणसँग सम्बन्धी कुरा हो। तर हाम्रा धेरै बहस गहन छैनन्। हामी हरेक कुरालाई भोटमा परिणत गर्ने मनोविज्ञानका साथ मात्र हेर्छौ। तत्काल फाइदा खोज्छौ। राष्ट्रियताको विषयमा त्यही भन्न सकिन्छ (पराजुली, पृ १०८)।

राजनीतिले हामीलाई विभाजित गर्छ, धर्मले हामी बीच पर्खाल खडा गर्छ, संस्कृतिले हामीलाई टुक्राटुक्रामा विभाजित गर्छ तर देश प्रेमले सवैलाई एक सुत्रमा बाध्न सक्छ। आफ्नो राष्ट्रप्रतिको प्रेम मानिसको दोस्रो धर्म हो जसको अभिव्यक्ति राष्ट्रियताको भावनामा हुने गर्छ (मैनाली,२०७७ असार ५)। अतः निष्कर्षमा भन्न सकिन्छ राष्ट्रियता भनेको मुलुकको भूभाग त्यसभित्र बसोबास गर्ने सम्पूर्ण मानिस, उनीहरुको भाषा, धर्म, संस्कृति बीचको एकाकार हो जुन देशभक्तिमा समर्पित रहेको हुन्छ। राष्ट्रियता एउटा सामूहिक शक्ति हो जुन राष्ट्र बनाउने संकल्पबाट निर्देशित रहन्छ। भूगोलले कुनै पनि मुलुकलाई एउटा आकार प्रदान गर्दछ भने राष्ट्रियताले मुलुकका अन्य विभिन्न पक्षहरुलाई जोड्ने तागत राख्दछ। विभिन्न विचार, धर्म, सभ्यता र संस्कृति बीच रहेको भिन्नतालाई राष्ट्रिय स्वार्थमा

वा भनौ राष्ट्रिय हितमा केन्द्रित गराउने, अपनत्व वा एकाकार गराउने, सरकार, जनता र माटो बीच सम्बन्ध सेतुको रुपमा राष्ट्रियता रहेको हुन्छ ।

**राष्ट्रिय एकता र नेपाल**

विचार, दर्शन, भावना, विभिन्न क्षेत्र वा एकाइ बीच रहने मित्रवत व्यवहार र भावना नै एकता हो । कुनै भूगोल एक आपसमा जोडिनु मात्र एकता होइन; यो एक बृहत् अवधारणा हो जसले विविध जात, जाति, भाषा, धर्म, संस्कृति, प्रथा परम्परा तथा दृष्टिकोणमा देखिने फरकपन बीच हातेमालोको खोजी गर्छ वा भनौं साझा लक्ष्य प्राप्तिका लागि सबैलाई एकीकृत गराउँछ । राष्ट्रिय एकताले भावनात्मक र भौगोलिक एकतालाई जनाउँछ ।

नेपालको भौगोलिक एकताको कुरा गर्दा पृथ्वीनारायण शाहको अगुवाईमा नेपाली सेना र जनताको संयुक्त प्रयासमा भएको नेपाल एकीकरणलाई सम्झनै पर्ने हुन्छ । यद्यपि त्यस एकीकरणलाई व्यक्ति तथा जाति विशेषको विरोध रहेको छ । विरोध जनाउनेहरु के भन्छन् भने त्यो नेपाल एकीकरण नभएर गोर्खा राज्यको विस्तार मात्र हो, जसले जनजातिको अधिकार खोसिएको छ । त्यस बेलाको स्थितिको कुरो गर्दा नेपालमा विभिन्न भुरे टाकुरे राज्य थिए : उत्तर तर्फ मुस्ताङ्गदेखि पश्चिममा वौद्ध धर्म प्रभावित भोटे राज्य थिए । काठमाण्डौं खाल्डोमा मल्ल राज्यहरु थिए, पूर्वमा पनि यस्तै लिम्बूवान् लगायत अनेकौं राज्य थिए । यी राज्यहरु सधैं आपसमा लडाइ गर्थे । तिनी राज्यका राजा र उसका आसेपासे सधैं नसामा डुबेर अन्य जातजातिको अवहेलना गर्ने, आफ्नो राज्यको उन्नति प्रगतिमा कुनै चासो नदिने आदि कारणले गर्दा ती राज्य असाध्यै कमजोर थिए । अर्का तिर ब्रिटिस साम्राज्यवादले भारतका सवै राज्यहरु आफ्नो कब्जामा पारिसकेको थियो र नेपाली राज्यलाई पनि आफ्नो कब्जामा पार्न आतुर थियो । यो कुरालाई बुझेर पृथ्वीनारायण शाहले नेपाल एकीकरणको सुरुवात गरे । उनी र उनका छोराहरुले वीर नेपाली जनताको साथ लिएर ठूलो योजना र बलिदानबाट पूर्वको टिष्टा नदी र पश्चिममा काँगडासम्मको भूमि एकीकरण गरे । साना राज्यले आफ्नो राज्य बचाउन, ब्रिटिस, पन्जाब, बंगाल लगायत भारतीय राजालाई गुहारी नेपाली सेना विरुद्ध ठाउँ ठाउँमा ठूलो युद्ध भएको थियो । नेपाली सेनाले तिनीलाई युद्धमा हराई लखेटेका थिए । पृथ्वीनारायण शाहको भाषा मै भन्दा यो साना दुःखले आर्जेको मुलुक होइन । यो भनाइ असाध्यै साँचो थियो । उनले भौगोलिक एकता मात्र गरेनन्, भावनात्मक एकता पनि गरेको पाइन्छ । यो कुरा कसरी भन्न सकन्छि भने जुन राज्य नेपाल राज्यमा सामेल भएका थिए, त्यहाँका सेना र जनता एकीकरणको अभियानमा सामेल भएका थिए ( खनाल, २०७७ आश्विन १३) ।

नेपाल बहुभाषी, बहुजाति, बहुसांस्कृतिक मुलुक हो । भौगोलिक स्वरुपको विविधतासँगै सांस्कृतिक तथा वैचारिक भिन्नता बीच नेपालले प्राचीनकालदेखि नै विश्वमान चित्रमा आफ्नो पहिचान स्थापित गरेको छ । विभिन्न ऐतिहासिक काल खण्डमा नेपालको भूगोल कहिले साँगुरो भयो त कहिले फराकिलो । कुनै समयमा काठमाण्डौं उपत्यकालाई मात्र नेपाल भनी संवोधन गरिन्थ्यो । साँगुरो र फराकिलो जे भएता पनि नेपाली जनताले आफ्नो देशको स्वतन्त्र अस्तित्व कहिल्यै गुमाउनु परेन, जसबाट हामीहरुले गौरवका साथ आफ्नो शिर ठाडो पार्न पाएका छौ ( कँडेल, पृ २७) । प्राचीन तथा मध्य कालमा नेपाललको क्षेत्रफल के हो भन्ने सम्बन्धमा धेरै मत मतान्तर रहे पनि आधुनिक नेपालको निर्माण श्री ५ पृथ्वी नारायण शाहले गरेका हुन भन्ने विषयमा कुनै सन्देह छैन । पृथ्वीनारायण शाहले सुरु गरेको नेपाल एकीकरणबाट राष्ट्रिय एकताको प्रादुर्भाव भयो । छरिएर कमजोर अवस्थामा रहेका टुक्रे राज्यहरुलाई एकत्रित गर्दै राष्ट्रिय एकताको जग बनाउने कामका लागि पृथ्वीनारायण शाहप्रति हरेक नेपालीले श्रद्धा र सम्मान व्यक्त गर्नै पर्दछ । पृथ्वीनारायण शाहले भौगोलिक एकीकरण गरेर राष्ट्रिय एकताको बीजारोपण गरे भने सुवानन्द दास, भानुभक्त आचार्य जस्ता साहित्यकारहरुले भाषिक एकीकरण मार्फत भावनात्मक रुपमा नेपालको राष्ट्रिय

एकतालाई मजबुद बनाउने काम गरे। बहुभाषिक समाजमा सम्पर्कको लागि आइ पर्ने जटिलतालाई चिर्दै नेपाली भाषा माध्यम भाषाको रुपमा स्थापित भयो। माध्यम भाषा नहुँदो हो त शेर्पा र नेवार भेट हुँदा के गर्ने ! मौथिली भाषी र कर्णालीबासी भेट हुँदा विचारको आदान प्रदान कसरी हुन्छ ? बहुभाषिक मुलुकमा पर्ने यस्ता समस्यालाई चिर्दै नेपाली भाषाले हामीलाई सहजता मात्र प्रदान गरेको छैन एक आपसमा जोड्दै आत्मियता समेत प्रदान गरेको छ।

नेपाल एकीकरणको अभियानलाई राष्ट्रिय एकताको आधारभूमिको रुपमा हेरिनु पर्दछ। टुक्रे राज्यलाई एकताको सुत्रमा आवद्ध गर्नु त्यति सहज थिएन। तर पृथ्वीनारायण शाह, वीर गोर्खाली सेना र जनताहरुको अदम्य साहस र एकतावद्ध प्रयासले नै नेपालको एकीकरण सम्भव भयो। 'एक थुकी सुकी सय थुकी नदी भने' झैँ गोर्खाली सेना र जनताको एकतावद्ध प्रयासवाट नै आधुनिक हातहतियार युक्त अंग्रेजी सेनालाई खुँडा र खुकुरीको भरमा परास्त गर्न सक्यो। मीरकासीमका सेना तथा किनलकको अभियान (कँडेल, पृ ३७–४०) माथि नेपाली सेनाले गरेको आक्रमण र विजयको गाथाले गौरवान्वित मात्र हुँदैनौ, हामीमा वलिदानीपूर्ण भावना समेत जागृत भएर आउँछ। एकीकृत नेपाल निर्माणमा श्री ५ पृथ्वीनारायण शाह, बहादुर शाह, राजेन्द्रलक्ष्मीसँगै काजी कालु पाण्डे, वंशराज पाण्डे, वंशु गुरुङ्ग, रामकृष्ण कुँवर, अमरसिंह थापा, भक्ति थापा, वलभद्र कुँवर लगायत थुप्रै वीर वीरङ्गनाहरुको योगदानलाई सदैव सम्मान र स्मरण गर्नु पर्दछ।

नेपालको राष्ट्रिय एकता बहुआयमिक छ। विभिन्न भौगोलिक स्वरुपमा रहेको विविधता बीचको एकता सँगै जाति, भाषा, धर्म, संस्कृति, रहनसहन, प्रथा, परम्परा बीच रहेको फरक आकांक्षा बीचको दरिलो राष्ट्रिय एकता। महाकवि लक्ष्मी प्रसाद देवकोटाले भने झैँ नेपाल यस्तो भूमि जहाँ वनारस छ, मक्का मदिना छ, जेरुसलेम छ र छ आफ्नै वुद्धभूमि लुम्बिनी। नेपाल सानो छ तर पूर्ण छ। हिन्दु,वौद्ध, किराँत, इस्लाम, इसाइ आदि विभिन्न धर्म मान्नेहरु बीचको एकता र धार्मिक सहिष्णुताले नै नेपाल र नेपालीको महिमा चुलिएको छ। नेपाल यस्तो मुलुक हो जहाँ हिन्दुहरु ह्याप्पी क्रिसमस भन्दै शहरका चोक चोकमा रुख सजाउँछन, इसाइहरु शरद् ऋतुको सुस्त हावासँगै पिङ्ग खेल्दै दशैँमा मग्न हुन्छन्। बुद्धिष्टहरु पशुपति पुग्छन्, हिन्दु स्वयम्भूलाई श्रद्धा गर्छन। उधौली र उभौलीमा सारा नेपाली झुम्छन् अनि ल्होसारमा रङ्गीबिरङ्गी पोशाक लगाएर रमाउँदै नाच्न थाल्छन्। चण्डी होस् वा धान नाच, घाटु, सोरठी र बालन हाम्रा साझा सम्पति हुन्। यिनै धार्मिक र सांस्कृतिक विविधता बीचको एकताले नै नेपालको राष्ट्रिय एकतालाई अक्षुण बनाएको छ। जाति, भाषा, धर्म, संस्कृति बीचको ऐक्यवद्धताले नै भौगोलिक अखण्डतालाई सुरक्षित राखेको छ। नेपालको संविधानले नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण राख्ने नीति अंगीकार गरेको छ (धारा ५१क)। राष्ट्रिय एकता केवल भूगोलको एकीकरण मात्र होइन यो त राष्ट्र निर्माणका लागि व्यक्त हुने साझा धारणा, दृष्टिकोण र विचारको एकात्मकता पनि हो। मुलुकलाई अग्रगमन प्रदान गर्न राखिने साझा धारणाले नै राष्ट्रिय एकता कायम गर्दछ। देशभक्ति वा राष्ट्र उत्थान नै विभिन्नतालाई एकतामा जोड्ने सेतु हो। यो देश मेरो वा हाम्रो हो, हाम्रा लागि देशले काम गरिरहेको छ भन्ने भावना जागृत हुनु पर्दछ। भूगोलको एकीकरण र सेनाको उपयोग मार्फत राष्ट्रिय एकता कायम गर्ने मान्यताका साथै आर्थिक संमृद्धि तथा पहिचान समेत आजको युगमा राष्ट्रिय एकताको कारक तत्व बन्न पुगेको छ। नेपालको संविधान (२०७२) मा धर्म, संस्कृति, संस्कार, प्रथा,परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सवै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक, सांस्कृतिक मूल्यहरुको

विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यवद्धता र समाञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक, सांस्कृतिक उद्देश्य हुनेछ भन्ने उल्लेख छ (धारा ५०(२) । त्यसै गरी संविधानले नेपाली सेनालाई राष्ट्रिय एकताको रक्षक भनेको छ । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिवद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने छ (धारा २६७) भन्ने उल्लेख गरिएको छ । राष्ट्रिय एकता यस्तो भाव वा शक्ति हो, जसले आपसी कलह र द्वन्द्वको अन्त्य गरी भाइचाराको न्यानो सम्बन्ध स्थापित गर्छ । यस भावको विश्वासमा राष्ट्रका सवै साना ठूला सामाजिक एकाइहरुले आफ्नो संकुचित सीमा भन्दा माथि उठी आफूलाई राष्ट्रको हितमा स्थापित गर्नु पर्दछ (अधिकारी, २०७७ आश्विन १९) । कवि माधव प्रसाद घिमिरेको ‘नेपाली हामी रहौला कहाँ नेपालै नरहे, उच्चाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे’ भन्ने गीतको भावले भनी रहेछ, तिम्रो पहिचान तिम्रो देश हो, भेष हो । जब देश रहन्छ तिमी रहन्छौ । तिमी बिना देश रहला तर देश बिना तिमी रहन्नौ । एकता रहेसम्म देश रहन्छ जब एकता खण्डित हुन्छ तव देश नरहन सक्छ । स्वाधीनता र स्वतन्त्रताको लोभ लाग्दो गौरवमय इतिहास बोकेको हाम्रो राष्ट्रिय एकतालाई बचाइ राख्नु आजको आवश्यकता हो । देश समृद्ध बने व्यक्ति स्वतः समृद्ध बन्दै जान्छ । एकताको बलले नै देश अगाडि बढ्छ अनि बलिदानीपूर्ण इतिहास रुपी फूलको गुच्छाबाट सुगन्ध प्रष्फुटित हुन थाल्छ ।

**नेपालको राष्ट्रियता, राष्ट्रिय एकता र यसका तत्वहरु**

फगत एउटा इट्टा त माटोमा पुरिन सक्छ, पानीले बगाउन सक्छ तर जव इट्टाहरु मिल्छन् तव माटो रोकिन्छ अनि पानी छेकिन्छ । इट्टाहरु मिले घर बन्छ, इट्टाहरु छुटे घर भत्कन्छ । त्यसैले इट्टाहरु नछुटाउ घर नभत्काउ । छानो भत्काएर तापेको आगोले तिमीलाई न्यानो दिन सक्दैन । राष्ट्र तिम्रो घर हो, राष्ट्रियता र राष्ट्रिय एकता छानो अनि यहाँका जाति, भाषा, धर्म, सभ्यता र संस्कृति इट्टा हुन् । त्यसैले तिमी इट्टाहरु जोड, घर बनाउ र दरिलो छानो हाल ता कि कुनै हावा हुण्डरीले उडाउन नसकोस् । यहाँ राष्ट्रियता र राष्ट्रिय एकता कायम गर्ने तत्वहरुलाई संक्षेपमा उल्लेख गर्ने प्रयास गरेको छु ।

*(क) माटोको माया*

एशियन होस् वा अफ्रिकन, अमेरिकन होस् वा अष्ट्रेलियन हामीलाई हाम्रो पहिचान माटोले दिएको हुन्छ । माटोलाई भूभाग वा भूक्षेत्र पनि भन्न सकिएला । निश्चित भूभागको पहिचानका कारण हामी नेपाली बन्न सकेका हौ । मेची र कालीले छेकेको भूभाग भित्र जन्मिएका, बसेका कारण नै हामी नेपाली बन्न सकेका हौं । त्यसैले हाम्रो पहिचान माटोसँग छ । यही माटोको ममता उर्लिएर राष्ट्रिय एकता कायम हुन जान्छ । राष्ट्रिय एकता कायम गर्न मेचीले काली सुस्ताएको सुन्नु पर्दछ । काठमाण्डौले कालापानी लिपुलेक चिन्नु पर्दछ । सुस्ता रुँदा सगरमाथा कान ठाडो पारेर खडा हुनु पर्दछ । सीमाका खम्बा भाँचिदा कोशी, गण्डकी र कर्णाली कुर्लिन सक्नु पर्दछ । राष्ट्रिय झण्डा च्यातिदै पृथ्वीका सालिकहरु ढालिँदा हात्ती, गैडा र बाघले गर्जन सक्नु पर्दछ । पहाडका स्वच्छन्द नदीनालाले तराईलाई सिञ्चित गर्नु पर्छ अनि तराईका चारकोशे झाडीले देशैभर प्राणवायु दिन सक्नु पर्दछ । यही भावना नै माटोको माया हो जसले हाम्रो राष्ट्रियता र राष्ट्रिय एकतालाई अक्षुण राख्न सक्दछ ।

*(ख) सहिष्णुता*

नेपाल जाति, भाषा, धर्म, संस्कृति बीच विविधता रहेको मुलुक हो । अनेकतामा एकता यहाँको मौलिक पहिचान हो । हिन्दु, वौद्ध, किरात, इस्लाम, इसाइ लगायतका धर्म मान्ने मानिस बीच धार्मिक सहिष्णुता छ । एक अर्काको धर्मप्रति श्रद्धा र सम्मान छ । हिन्दुहरु वौद्ध गुम्बामा ॐ मणि पध्मे हुँ भन्दै हुन्छन् अनि वौद्धहरु पशुपतिमा ॐ नमः शिवायमा

लीन हुन्छन् । के बौद्धहरु के हिन्दु, पशुपति, लुम्बिनी, स्वयम्भू नेपाली जनको आस्थाको साझा केन्द्र बनेको देखिन्छ । फाल्गुनन्दप्रति किराँतको मात्र होइन सारा नेपालीको श्रद्धा भेटिन्छ । दशै, तिहार, ल्होसार, छट, उधौली, उभौली, वुद्ध जयन्ती, क्रिसमस आदि विभिन्न चाडपर्वहरुमा यो मेरो चाड यो तेरो चाड नभनीकन सारा नेपाली हार्दिकताका साथ सहभागी हुने गर्छन् । १३१ मातृभाषा रहेको मुलुक (वडुवाल, पृ ३१)मा नेपाली भाषा एक अर्का बीच जोड्ने माध्यम भाषा वा सम्पर्क भाषाको रुपमा रहेको छ । एक वर्ग र क्षेत्रका भाषाहरु अर्को वर्ग र क्षेत्रका मानिसहरुले बोलिरहेका हुन्छन्; हार्दिकता साटिरहेका हुन्छन् । जसले भाषिक एकता र सहिष्णुता बढाइरहेको हुन्छ । झन आजको परिवेशमा त अन्तर जातीय विवाह बढ्दै गएको देखिन्छ । हिजो लुकीछिपी मात्र हुने गरेका यस्ता विवाह आज खुल्लम खुल्ला धार्मिक, सांस्कृतिक मान्यता अनुरुप हुने गरेका छन् । यसले विभिन्न जातजाति, धर्म, संस्कृति बीच पारिवारिक अन्तरघुलन गराइदिएको छ । जाति, भाषा, धर्म, संस्कृति बीचको यस्तै सहिष्णुताले नै राष्ट्रियता र राष्ट्रिय एकतालाई सवल बनाउँछ ।

*(ग) संस्कारयुक्त राजनीति*

राज्य संचालन गर्ने नीति राजनीति हो । मुलुकका जुनसुकै विषयको सम्बन्ध राजनीतिसँग रहेको हुन्छ । अझ भनौ राजनीति मूल हो । मूल सफा नभएसम्म नदी सफा बन्न सक्दैन । देश सञ्चालनका लागि फरक फरक विचार बोकेका राजनैतिक दलहरु अस्तित्वमा रहेका हुन्छन् । यस्ता दलहरु बीच एकता प्राय असम्भव देखिन्छ । तर देशको स्वतन्त्रता, स्वाधीनता, राष्ट्रिय हित र एकताका विषयमा सबै राजनैतिक दलहरु बीच सहमति र सहकार्य आवश्यक पर्दछ जुन संस्कार युक्त राजनीतिको एक आधार स्तम्भ हो । जव नेपाली राष्ट्रियता र राष्ट्रिय एकताको विषय उठ्छ तव दलहरु आफ्ना विपरित स्वार्थहरु त्यागेर राष्ट्रिय हितका खातिर गोलबन्द भएको देखिन्छ । नेपाली भूमि कालापानी, लिपुलेक, लिम्पियाधुरा समेटेर नेपालको नक्सा जारी गर्ने र त्यसलाई अनुसूचीमा समावेश गर्ने विषयमा देखिएको अभूतपूर्व राजनैतिक सहमतिले नेपालको अखण्डता र राष्ट्रिय एकताप्रति राजनैतिक दलहरु कति संवेदनशील छन् भन्ने प्रष्ट पारेको छ । सीमाका विषयमा होस् वा अन्य प्रकारका कुनै बाहृय हस्तक्षेपको बिरोधमा कुनै जाति, भाषा,धर्म, विचार वा दल नभनी सबै जनता र राजनैतिक दलहरु एक भएको देखिन्छ । कुनै वर्ग, क्षेत्र वा पार्टीको स्वार्थ भन्दा राष्ट्रिय स्वार्थलाई सर्वोपरी ठान्ने संस्कार युक्त राजनीतिको विकास गर्न सके नेपालको राष्ट्रियता र राष्ट्रिय एकतालाई आकाशमा चन्द्र सूर्य रहेसम्म कसैले पनि भत्काउन सक्दैन; भत्काउने कल्पना समेत गर्न सक्दैन ।

*(घ) इतिहास, दर्शन, सभ्यता, संस्कृति र साहित्य*

इतिहास विगतको वर्णन मात्र होइन भविष्यको मार्ग दर्शन पनि हो । मुलुकको राष्ट्रियता र राष्ट्रिय एकताको लागि इतिहासले एउटा आधारभूमि तयार गर्छ । हाम्रो वीरतापूर्ण इतिहासले हामीलाई स्वाधीनता, स्वतन्त्रता र एकताको पक्षमा लाग्न प्रेरित गर्छ । नेपाल तिब्बत युद्ध होस् वा अंग्रेजसँगको भिडन्त, मिरकासिमको फौज होस् वा किनलकको अभियान विरुद्ध वा भनौ अंग्रेजहरुको साम्राज्यवादी नीतिको विरुद्धमा नेपाल र नेपालीको एकतावद्ध हमला र सामनाको गर्विलो इतिहासले नै हामीलाई एकताको सुत्रमा बाँधी रहन्छ । प्राचीन कालदेखि विकास भएका आफ्नै मौलिक सभ्यता, दर्शन र संस्कृतिले हामीलाई एकतावद्ध बन्न सिकाइ रहन्छ । हामीलाई भाषा, साहित्य र सृजनाले एकताको सुत्रमा बाँधिरहेको हुन्छ । राष्ट्रिय गीतहरु बज्दा हाम्रा छाती गर्वले फुल्छन् अनि संगीतको धुनसँगै विभेद र विभाजनलाई भुल्दै राष्ट्रियताको मीयोमा एकतावद्ध हुन्छौ र भन्छौ हामी नेपाली; हाम्रो देश नेपाल ।

*(ङ) अन्य*

सामाजिक सुरक्षा, न्याय, समानता र समताले नागरिकलाई देशप्रतिको अपनत्व भाव जागृत गराउँछ। विभेद, शोषण र अन्यायले समाजमा विभाजन ल्याउँछ। जब समाजमा जातीय, भाषिक, धार्मिक, क्षेत्रीय , आर्थिक वा अन्य कुनै स्वरुपका विभेदहरु रहँदैनन् तब समाज एकीकृत हुन्छ, मुलुक समृद्ध बन्छ अनि राष्ट्रियता र राष्ट्रिय एकता सबल बन्छ। नागरिकको सहभागिता, स्वामित्व, प्रजातान्त्रिक शासन पद्धति, मानव अधिकार, कानूनको शासन, स्रोत साधनको न्यायोचित वितरण, शासकीय शक्तिको विकेन्द्रीकरण, सेवा प्रवाहमा सरलता, सहजता, गुणस्तरीयता तथा भ्रष्टाचारमुक्त शासन पद्धति भएमा मुलुकको राष्ट्रियता र राष्ट्रिय एकता मजबुद बन्दै जान्छ। राजनैतिक दल तथा तिनको नेतृत्वमा देखिने इमान्दारिता, सदाचारिता, अनुशासन, देश र जनताप्रति समर्पित भावना, दूर दृष्टि, विकासको स्पष्ट मार्गचित्र तथा अन्तराष्ट्रिय मञ्चमा देखिने दरो उपस्थितिले राष्ट्रियताको भावना जागृत गराउँदै मुलुकलाई एकतावद्ध बनाउँछ।

राष्ट्रियता र राष्ट्रिय एकता एक अर्काका परिपूरक हुन्। मानौ एउटै शरीरका अङ्ग झैं; कुनै एक अङ्गले मात्र काम नगरेमा शरीर निरर्थक बन्न पुग्छ वा भनौ शरीर लासमा परिणत हुन्छ। मानिसहरुको सहकार्य, सद्भाव, प्रेम, स्नेह, राष्ट्रप्रतिको समर्पण भावले राष्ट्रियताको विकास गर्छ। जब राष्ट्रियता प्रवल हुन्छ तब राष्ट्र एकतावद्ध हुन्छ। विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, विचार, दर्शन, क्षेत्रका मानिस बीचको एकताले राष्ट्रियताको प्रवर्द्धन गरिरहेको हुन्छ। देशको स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता, सीमनाको सुरक्षा तथा राष्ट्रिय हितप्रति समर्पित जनताको भावनात्मक एकताले नै राष्ट्रिय एकता कायम गर्दछ। एकतावद्ध मुलुकको राष्ट्रियता पनि दरिलो बन्न पुग्छ। वर्तमान नेपालमा संघीय शासन व्यवस्था लागू गरिएको छ। संघीय व्यवस्था मार्फत जनताको भावना संवोधन गर्ने तथा स्रोत साधनको परिचालन मार्फत गरिवी, अशिक्षा र सबै प्रकारका विभेदहरुको अन्त्य गर्ने उद्देश्य राखिएको छ। संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण राख्ने (धारा ५१ क) तथा संघीय इकाइ बीच जिम्मेवारी, स्रोत, साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने ( धारा ५१ ख) नीति लिएको छ। जसले संघ, प्रदेश र स्थानीय तह बीच समझदारी र सहकार्य बढाउँदै राष्ट्रिय एकता कायम गर्ने तथा राष्ट्रियताको भावनालाई सबल बनाउने लक्ष्य राखेको देखिन्छ। त्यसै गरी संविधानले मार्ग दर्शन गरेको राजनैतिक उद्देश्य (...राष्ट्रिय जीवनका सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य यवस्था स्थापना गर्ने...), सामाजिक सांस्कृतिक उद्देश्य (...सामाजिक सद्भाव, ऐक्यवद्धता र समाञ्जस्य कायम गरी राष्ट्रिय एकता कायम गर्ने...), आर्थिक उद्देश्य (... राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर , स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने ) तथा विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने तर्फ राज्यको अन्तराष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ ( धारा ५०) भन्ने व्यवस्थाले समेत नेपालको राष्ट्रियता र राष्ट्रिय एकतालाई अक्षुण र अब्बल बनाउने छ।

**नेपालको राष्ट्रियता र राष्ट्रिय एकताको सम्बन्धमा देखिएका चुनौतिहरु**

अधिकारका लागि झण्डा उचाल्दै गर्दा कर्तव्यबोध पनि हुनु पर्दछ नत्र देशले अधोगतिको यात्रा तय गर्न पुग्छ। शक्तिको दुरुपयोग हुँदा, भावनामा बहकिँदा, इमान्दार तथा दूरदृष्टियुक्त नेतृत्वको अभाव हुँदा, आफ्नो इतिहास, पूर्खाको पौरख,जाति, भाषा, धर्म, सभ्यता, संस्कृति तथा भौगोलिक अवस्थिति समेतलाई ध्यान

दिएर आफ्नो माटो अनुसारको शासन पद्धति अवलम्बन गर्न नसक्दा मुलुकले संकट व्यहोर्नु पर्दछ। जसरी सूर्यले अन्धकारलाई छिन भरमा निस्तेज गर्छ त्यसै गरी राष्ट्रियता र राष्ट्रिय एकताको भावनात्मक शक्तिको अगाडि जस्तासुकै संकट र षढ्यन्त्रहरु पनि टिक्न सक्दैनन्। यस्तो शक्तिले मुलुकको अन्तराष्ट्रिय छवी समेत उच्च बनाउँदै जान्छ। जब राष्ट्रियता र राष्ट्रिय एकता मजबुद बन्छ तब मुलुकले समृद्धिको यात्रा तय गर्छ। तराई दुख्दा हिमाल र पहाड रोएको छ, हिमाल र पहाड रुँदा तराईले आँसु पुछेको छ, सीमाना मिचिँदा हरेक नेपाली बिना पोशाकका सैनिक झैँ सीमाको रक्षार्थ खटिएका छन्, नाकाबन्दीमा होस् वा प्राकृतिक विपत्तिमा राष्ट्र बचाउन एक भएर लागेका छन्। प्राचीन कालदेखि नै शासक र जनताहरुले नेपालको राष्ट्रियता र राष्ट्रिय एकताका लागि ठूलो त्याग, तपस्या, वलिदान गरेको देखिन्छ। यति हुँदा हुँदै पनि सूचना सञ्चार प्रविधिको विकास, विश्व भूमण्डलीकरण, नयाँ पुस्तामा देखिएको प्रवृति, आन्तरिक कलह, बाह्य हस्तक्षेप, शक्तिशाली राष्ट्रहरुको नीति जस्ता तत्वहरुले नेपालको राष्ट्रियता र राष्ट्रिय एकतामा चुनौति थपेका छन्। यहाँ केही चुनौतिहरुको संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिएको छ।

*(क) गरिबी, बेरोजगार र अशिक्षाको अन्त्य गर्नु*

गरिबी, बेरोजगार, र अशिक्षाको अन्धकार भित्र खेलेर मुलुकको राष्ट्रियता र राष्ट्रिय एकता कमजोर बनाउने प्रयत्न हुन सक्छ। हाल नेपालमा १८.७ प्रतिशत जनता गरिबीको रेखामुनी छन् भने २८.६ प्रतिशत जनता बहुआयमिक गरिबीको चपेटामा छन् (पन्ध्रौ योजना, पृ २२)। निरपेक्ष गरिवी घट्दै गए पनि सापेक्ष गरिवीको अवस्था निकै दयनीय छ। रोजगारीका लागि विदेशीन बाध्य भएका युवा हुन् वा स्वदेश भित्रै भौतारिएका युवाहरुको अनुहारमा स्पष्टै पढ्न सकिन्छ कि बेरोजगारीको रुप कति दर्दनाक छ ? साक्षरता दर ५८ प्रतिशत मात्र (पन्ध्रौ योजना) रहेको मुलुकमा अशिक्षाका कारण धेरै जनता अन्धकारमा बाँच्न बाध्य छन्। जबसम्म मुलुक गरिबी, बेरोजगार र अशिक्षाको भुमरीमा रहन्छ तबसम्म सहयोग वा अन्य कुनै लोभ लालचामा विदेशी वा कुनै स्वार्थ समूहहरुले राष्ट्रको विरुद्ध खेल्ने मौका पाउँछन्। यस्तो अवस्थामा राष्ट्रिय स्वार्थ गौण बन्दै राष्ट्रिय हित विपरित स्वार्थ समूहको विचार वा उद्देश्य प्रमुख रुपमा आउन सक्छ। त्यो नै मुलुकको राष्ट्रियता र राष्ट्रिय एकताको प्रमुख अवरोधको रुपमा देखिन्छ। गरिबी, बेरोजगार, र अशिक्षाको अन्त्य गर्दै विदेशी स्वार्थहरु भत्काएर राष्ट्रिय स्वार्थ वा हितप्रति प्रतिवद्ध बनाउँदै राष्ट्रियता र राष्ट्रिय एकताको अभिवृद्धि गर्नु आजको प्रमुख चुनौतिको रुपमा देखिन्छ।

*(ख) विविधता बीच एकता कायम गर्नु*

भूगोलको विविधता सँगै नेपालमा जाति, भाषा, धर्म, संस्कृति र सभ्यतामा पनि विविधता रहेको छ। श्री ५ पृथ्वीनारायण शाहले भने झैँ यो मुलुक चार जात छत्तिसवर्णको साझा फुलबारी हो वा भनौ प्रदीप कुमार राईले लेखे झैँ सयौँ थुँगा फूलका हामी एउटै माला नेपाली। तर केही आन्दोलन वा परिवर्तन पछि स्वतन्त्रता र समानताको नाममा जाति, भाषा, धर्म, क्षेत्र बीच विवाद वा द्वन्द्व चर्काउने काम समेत भएको देखिन्छ। कतै पृथकतावादी आन्दोलन भए भने कतै नेपालको अखण्डता माथि प्रश्न उठाइए। विविधता बीच गहिरो एकता आवश्यक हुनु पर्नेमा पृथकतावादी वा अतिवादी सोचको विकास भए त्यो राष्ट्रियता र राष्ट्रिय एकताको लागि ठूलो चुनौति खडा हुन पुग्छ। यो मुलुक हामी सबैको साझा वासस्थान हो। यहाँ कोही शासक र कोही शाषित हुन नपरोस्, हिमाल पहाड र तराइ एकतावद्ध भएर गरवी र पछ्यौटेपनको अन्त्यका लागि लागोस्। यो सुन्दर र पवित्र भूमि खस, आर्य, दलित, मधेशी, जनजाति, थारु, हिन्दु, वौद्ध, इस्लाम सवैको साझा घर हो। माटोको भर ढुङ्गा, ढुङ्गाको भर माटो भने झैँ हामी एक अर्कामा अन्तर सम्बन्धित छौ, एक

अर्कामा आश्रित छौ अनि हामी एक अर्काका परि पूरक हौ भन्ने भावनाको विकास गर्दै राष्ट्रियता र राष्ट्रिय एकताको साझा लक्ष्य, उद्देश्य र मार्ग तय गर्नु चुनौतिपूर्ण देखिन्छ ।

*(ग) समावेशी विकास र सुशासन कायम गर्नु*

देशका सवै भूभागमा शिक्षा, स्वास्थ्य, रोजगार, यातायात, विद्युत जस्ता पूर्वाधारहरुको विकास गरेमा, कर्णाली र काठमाण्डौमा कुनै विभेद नभएमा, शासकीय शक्तिको विकेन्द्रीकरण, सेवा प्रवाहमा सरलता, कम खर्चिलो र झञ्झट मुक्त भएमा, भ्रष्टाचारको नियन्त्रण हुँदै उत्तरदायित्व वृद्धि भएमा, जवाफदेहिता, पारदर्शिता र कानूनको शासन कायम भएमा, ठूलालाई चैन सानालाई ऐन भन्ने गुनासो सुन्न नपरे नागरिकमा राष्ट्रप्रेम अंकुराउँछ, बढ्छ र झाँगिन्छ । यही राष्ट्रप्रेम नै राष्ट्रियता र राष्ट्रिय एकताको आधार बन्न पुग्छ । त्यसैले जनसहभागिता र स्वामित्व बोध वृद्धि गर्दै समावेशी विकास मार्फत सुशासन कायम गर्नु राष्ट्रियता र राष्ट्रिय एकता कायम गर्ने सन्दर्भमा देखिएका चुनौति हुन् ।

*(घ) अन्य*

बहुदलीय शासन प्रणाली अवलम्बन गरेको मुलुक नेपालमा दलहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, आन्तरिक बेमेल, अस्थिर सरकार तथा सरकार निर्माणका लागि विभिन्न हस्तक्षेप हुने, जनताको चाहना विपरीत जुनसुकै प्रकारका सम्झौता गर्न तयार हुने, राष्ट्रिय हितभन्दा दलीय हितलाई महत्व दिने जस्ता अपरिपक्क राजनैतिक व्यवहार राष्ट्रियता र राष्ट्रिय एकताको चुनौतिका रुपमा रहेका छन् । संघीय शासन प्रणालीका कमजोरीहरुलाई न्यूनीकरण गर्दै विखण्डनकारी तथा पृथकतावादी गतिविधिलाई नियन्त्रण गर्नु पनि चुनौति कै रुपमा देखिन्छ । छिमेकी मुलुकहरुले विकासको फट्को मारी सक्दा पनि नेपालले स्पष्ट खाका तयार गरेर अगाडि बढ्न नसक्नु, अन्तराष्ट्रिय समुदायमा आफ्नो पहिचान र प्रतिष्ठालाई उच्च बनाउन नसक्नु, आफ्नो भूमि मिचिँदा दरिलो प्रतिवाद गर्न नसक्नु वा मिचिएका जमिनहरु फिर्ता ल्याउने सन्दर्भमा एकमत नदेखिनु, युवा पुस्तामा आफ्नो कला, धर्म, सभ्यता र संस्कृतिप्रतिको लगाव घट्दै जानु, विदेशी संस्कृतिको अन्धानुकरणबाट सामाजिक मूल्य मान्यतामा गहिरो असर पर्नु, आफ्नो गौरवमय इतिहास, संस्कृति, सभ्यता तथा नौतिक विषयलाई समेटेर शिक्षा पद्धति अगाडि बढ्न नसक्नुले पनि राष्ट्रियता र राष्ट्रिय एकतामा चुनौति थपेको देखिन्छ । अभूतपूर्व उन्नतिका कारण विश्व एउटा गाउँमा परिणत भएको अवस्थामा आफ्ना मौलिक पहिचानहरुको संरक्षण गर्दै स्वतन्त्रता, समानता र भाइचारा बीच आफ्नो स्वतन्त्र अस्तित्व बचाउनु पनि संवेदनशील विषय बनेको छ । परनिर्भरता वढी रहेको वर्तमान अवस्थामा हामी आफ्नो विकास आफै गर्न सक्छौ । हामी सँग अथाह प्राकृतिक स्रोत साधन छ, हिरा झैँ हिमाल, खानी र खनिज बोकेको पहाड र अन्न भण्डारको रुपमा तराई छ भन्ने भावना जागृत गर्दै सन्तुलित र दीगो विकास गर्नु, पुर्खाको रगत र पसिनाबाट निर्माण भएको मुलुकको रक्षा गर्दै समृद्ध नेपाल सुखी नेपालीको अभियान पूरा गरेर राष्ट्रियताको प्रवर्द्धन गर्दै राष्ट्रिय एकता कायम गर्नु चुनौतिपूर्ण देखिन्छ । चुनौतिका पहाडहरु ननाघेसम्म सफलताको शिखर चुम्न सकिदैन । भव्य महलको गोठालो बस्नु भन्दा झुपडी कै भए पनि मालिक बन्नु स्वाभिमानी हुन जान्छ भन्ने सत्यबोध गराउँदै प्रकृतिले दिएका अनन्त स्रोत साधन, आफ्ना मौलिक पहिचान तथा देशमा उपलब्ध सक्रिय जनसंख्याको अधिकतम उपयोग मार्फत संमृद्धि हासिल गरेर राष्ट्रियता र राष्ट्रिय एकतालाई सवल बनाउँदै निजी स्वार्थहरुलाई तिलाञ्जली दिएर देश भक्तिको सोझो मार्गमा अघि बढ्न सके इतिहासप्रति सम्मान हुँदै दरिलो भविष्यको आधार निर्माण हुन पुग्दछ ।

## निष्कर्ष

आफ्नो देश, जाति, भाषा, धर्म, सभ्यता र संस्कृतिप्रतिको अन्नत प्रेम र स्नेहले एकत्रित हुने भावनात्मक शक्ति राष्ट्रियता हो । राष्ट्रियताले नागरिकको स्वतन्त्रता र स्वाभिमान उच्च बनाउँदै कर्मी मैरी झैं देश निर्माणमा खटिने ऊर्जा दिन सक्नु पर्दछ । मन, वचन र कर्मले समर्पित हुँदै मुलुक माथि आइ पर्ने संकट मोचनका लागि ढाल तरबार बनेर राष्ट्रियता उभिन सक्नु पर्दछ । श्री ५ पृथ्वीनारयण शाहले सुरु गरेको एकीकरणको कारण आज हामीले स्वतन्त्र राष्ट्रको पहिचानमा गर्वले छाती फुलाउन सकेका छौ । एकीकृत र अखण्ड नेपालका निर्माणका लागि वलिदान गर्ने वीर पूर्खाहरुप्रति सम्मान व्यक्त गर्दै हामीले देशको अखण्डतालाई अक्षुण राख्नु छ । वीरतापूर्ण इतिहास र विविधता बीचको एकतालाई कायम राख्दै सन्ततिका लागि सुनौलो आधार दिन सक्नु पर्दछ । विश्वव्यापीकरण र भूमण्डलीकरणबाट फाइदा लिदै हामीले आफ्ना मौलिक पहिचानको संरक्षण तथा अपार प्राकृतिक सम्पदाको दीगो उपयोग मार्फत समृद्ध नेपाल सुखी नेपालीको अभियान पूरा गरेर राष्ट्रियता र राष्ट्रिय एकतालाई मजबुद बनाउँदै विश्वमा आफ्नो पहिचान स्थापित गर्ने तर्फ अग्रसर हुनु पर्दछ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, वेणु प्रसाद (२०७६, आश्विन १९) राष्ट्रियता र राष्ट्रिय एकता आजको आश्वयकता. *Purwanchal Daily*।

कँडेल, देवी प्रसाद (२०५५) नेपालको इतिहास, रत्न पुस्तक भण्डार, ।

कायस्थ, बलराम (२०७७ ) प्राचीन तथा मध्यकालीन नेपालको इतिहास, पल्लब पब्लिकेशन, प्रा.लि ।

कोइराला, लक्ष्मी विलास (२०२०) Unity Journal .

गुरुङ, जगमान (२०७४ पुष २७ ) नेपाली राष्ट्रियताको विकास, *Annapurna Post Website*।

नेपालको संविधान (२०७२), कानून किताव व्यवस्था समिति, २०७४ ।

पोखेल, बालकृष्ण (२०२७) कलेज स्तरका निबन्धै निबन्ध, सहयोगी प्रकाशन ।

पन्धौ योजना (२०७६ ) नेपाल सरकार राष्ट्रिय योजना आयोग ।

पराजुली, रमेश (२०७० ) नेपाली राष्ट्रियता, चिन्तन र अभिव्यक्ति, मार्टिन चौतारी।

बडुवाल, प्रेम बहादुर (२०७८) समसामयिक पुस्तिका, आदित्य बुक्स एन्ड डिस्ट्रिव्युटर्स ।

भण्डारी, वुद्धि प्रसाद (२०७१) विश्वका प्रमुखवादहरु, पैरवी प्रकाशन, ।

मैनाली, उमेश प्रसाद (२०७७ असार ५) राष्ट्र, राष्ट्रियता र नेपाली एकता, कान्तिपुर ।

शिवाकोटी, गोपाल (२०७६ मंसिर १८) राष्ट्रियताको सिद्धान्त, अवधारणा र नेपाली परम्परा. *yarsanews* ।

सम, बालकृष्ण (२०५५) मुकुन्द इन्दिरा. साझा प्रकाशन ।